### ३०. सार्वजनिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास (भवन निर्माण तथा अन्य):

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.१.२.४४३ | खर्च शीर्षकः ३१११२ |

| | |
|---|---|
| परिचय | प्रदेशका भित्रका विद्यालयमा भौतिक पूर्वाधार अभावका कारण विद्यार्थीले भोग्नु परेका समस्यालाई मध्यनजर गरी विद्यार्थीहरुको शिक्षामा पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरूबाट संचालित भौतिक पूर्वाधार निर्माण कार्यक्रम। |
| उद्देश्य | विद्यालयको पूर्वाधार विकास मार्फत विद्यार्थीको शिक्षामा पहुँच अभिबृद्धि गरी शिक्षण सिकाइ कार्यलाई सहज बनाउने |
| अपेक्षित प्रतिफल | आ.ब. २०७९/०८० मा स्वीकृत कार्यक्रम अनुसार प्रदेश भित्रका विद्यालय भवन वा अन्य पूर्वाधार निर्माण सम्पन्न भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय | शिक्षा विकास निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेत र सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • भौतिक पूर्वाधार निर्माणका लागि विद्यालयको स्वामित्व भएको जग्गाधनी लालपुर्जा वा भोगाधिकार भएको प्रमाण हुनुपर्नेछ ।<br>• विद्यालय व्यवस्थापन समितिले निर्माण कार्य गर्दा देहाय बमोजिम हुनेछ ।<br>• प्रदेशबाट डीपीआर भएकोमा सो बमोजिम र नभएमा साविक शिक्षा बिभाग सानोठिमी भक्तपुरको स्वीकृत नक्सा वा स्थानीय तहबाट तयार भई स्वीकृत भएको नक्सा बमोजिम स्वीकृत बजेट र लागत सहभागिता जुटाई सम्झौतामा तोकिए बमोजिमको नक्सा र लागत अनुमान अनुसार भवन तथा अन्य भौतिक पूर्वाधारको काम सम्पन्न गर्नुपर्नेछ ।<br>• पुरानो भवन वा संरचना जीर्ण भई प्रयोग गर्न नमिल्ने अवस्था भएमा उक्त भवन वा संरचनालाई भत्काई नयाँ भवन वा संरचना निर्माण गर्दा प्राविधिक, स्थानीय तह र सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार गर्नुपर्नेछ ।<br>• प्रदेश सरकारद्वारा विगत आ.व.२०७५/०७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९मा निर्मित, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट निर्मित साविक शिक्षा बिभाग, सानोठिमी भक्तपुरको स्वीकृत नक्सा बमोजिम निर्माण भएको भुई तले आर.सि.सि. भवनमा एक तला मात्र थप गर्न निर्देशनालय वा सा.वि.का.ले अनुमति दिन सक्नेछ ।<br>• मुगु, हुम्ला र डोल्पाका लागि आर.सी.सी. पक्की वा फलाम /काठको ट्रष्ट प्रयोग गरी भवन निर्माण गर्न सकिनेछ भने अन्य जिल्लामा आर.सी.सी. पक्की भवन बनाउनु पर्नेछ ।<br>• भवन वा पूर्वाधार निर्माण गर्नु पूर्व निर्देशनालय/ सामाजिक विकास कार्यालयले विद्यालयका वि.व्य.स. अध्यक्ष र प्रधानाध्यापकसँग अनुसूची १ बमोजिम कार्यक्रम संचालन गर्न सम्झौता गर्नुपर्नेछ । सम्झौता भएको १५ दिनभित्र विद्यालयले कार्य सुरु गर्नुपर्नेछ । यस अवधिभित्र कार्य सुरु नगरेमा सम्झौता गर्ने निकायले सो सम्झौता रद्द गर्न सक्नेछ ।<br>• लागत अनुमान तयार गर्दा जिल्लाको स्वीकृत जिल्ला दररेट प्रयोग गर्नुपर्नेछ। पूर्वाधार निर्माण गर्नका लागि सार्वजनिक खरिद ऐन२०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश सार्वजनिक खरिद ऐन २०७७, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमवली २०७८ अनुसार गर्नुपर्नेछ ।<br>• विद्यालयको भवन वा अन्य पूर्वाधार निर्माणका लागि तपसिलको बजेट व्यवस्था गरिनेछ ।<br>    ○ ४ कोठे भवनका लागि ४० लाख<br>    ○ २ कोठे भवनका लागि २० लाख<br>• निर्देशनालय/सा.वि.का.ले तोकेको प्राविधिकको प्रत्यक्ष रेखदेखमा भवन निर्माण गर्नुपर्नेछ। सो नभएको अवस्थामा स्थानीय तहको प्राविधिकबाट उक्त काम गर्न सकिनेछ। |

| | |
|---|---|
| | • सम्झौता बमोजिमको निर्माण कार्यको ले-आउट भई प्राविधिकको सिफारिस र विद्यालयको निवेदनका आधारमा पहिलो किस्ता वापत पेश्की स्वरुप ४० प्रतिशत रकम निकासा गरिनेछ ।<br>• कार्य प्रगतिको आधारमा रनिङ्ग वील, भर्पाई, निर्माण कार्यको फोटो, समितिको निर्णय र प्रदेश मन्त्रालय/ निर्देशनालयबाट अनुगमन हुन नसकेको खण्डमा स्थानीय तहको सिफारिसको आधारमा पहिलो किस्ता पेश्की फछ्र्यौट गरी थपदोश्रो किस्ता रकम निकासा गरिनेछ ।<br>• कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, बील भर्पाई, स्थानीय तहको सिफारिस, समितिको निर्णय, प्राविधिकको अनुगमन प्रतिवेदन र निर्मित योजनाको प्रमाणित फोटो, सामाजिक परीक्षण प्रतिवेदन सहित अन्तिम किस्ता रकम माग गर्नुपर्नेछ । निर्देशनालय / सामाजिक विकास कार्यालयबाट अनुगमन गराई तोकिए बमोजिम कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त भएपछि अन्तिम किस्ता निकासा दिइनेछ ।<br>• मन्त्रालय, निर्देशनालय, सामाजिक विकास कार्यालय र सम्बन्धित स्थानीय तहद्वारा आवश्यकता अनुसार निर्माण कार्यको निरीक्षण तथा अनुगमन गरिनेछ ।<br>• प्राविधिक, अनुगमन तथा अन्य व्यवस्थापकीय कार्यका लागि प्रदेश सरकारले निकासा दिएको रकममा कार्य प्रगतिका आधारमा बढीमा तीन प्रतिशत(३%)रकम निर्देशनालय / सा.वि.का.ले कन्टिजेन्सी स्वरुप कट्टा गर्न सक्नेछ ।<br>• जनसहभागिता / जनश्रमदान सामान्यतया १० देखि १५ प्रतिशत सम्म सुनिश्चित गरिनेछ ।<br>• कार्यसम्पन्न हुँदा १० देखि १५ प्रतिशत सम्म जनश्रमदान सुनिश्चित भएमा कार्यालयबाट प्रदान गरिने अनुदान पूरा उपलब्ध गराइनेछ ।<br>• विद्यालयले प्रदेश सरकारबाट प्राप्त रकमको सामाजिक तथा वित्तीय लेखा परीक्षण प्रचलित नियमअनुसार गर्नुपर्नेछ ।<br>• योजनाको सम्पूर्ण विवरण खुल्ने गरी होर्डिङ बोर्ड निर्माणस्थलमा अनिवार्य राख्नुपर्नेछ ।<br>• विनियोजित कूल रकम मध्ये बढिमापहिलो ४०, दोस्रो ३० र अन्तिम किस्तामा ३० प्रतिशतगरी तीन चरणमा निकासा दिइनेछ । |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| समय अवधि | पहिलो, दोस्रो र तेस्रो चौमासिक |
| सन्दर्भ सामग्री | • प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | • विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यसम्पन्न प्रतिवेदन,<br>• निकासा पत्र,<br>• अनुगमन प्रतिवेदन। |